कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
समाचार र विचारको स्वतन्त्र संवाहक
# कालपृष्ठ
वर्षः २८, अंकः ३१२
शुक्रबार, ५ असार २०८३
(Friday, 19 June. 2026)
पृष्ठः ४, मूल्यः १० ।-
kalpristhanews.com
राष्ट्रिय दैनिक
'क' वर्गमा सूचीकृत



योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिवद्धता

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं बार्षिकोत्सब भव्यताका साथ मनाऔं।

लोक सेवा आयोगको प्रतिवद्धताः प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता।

नेपाल सरकार
विज्ञापन बोर्ड


# नेपालगञ्ज युवा विकास सम्मेलनः युवालाई जिम्मेवार, सचेत र नेतृत्वदायी बन्न आग्रह

**लक्ष्मी तिमिल्सेना**

*नेपालगन्ज, ४ असार*

'नेपालगन्ज युवा विकास सम्मेलन-२०२६' नेपालगन्जमा सुरु भएको छ। सम्भावना नेपालगको आयोजाना तथा नेपालगन्ज उप-महानगरपालिकाको सहयोगमा दुईदिने सम्मेलन बिहीबारदेखी सुरु भएको हो।

सम्मेलनको उद्घाटन सत्रमा वक्ताहरूले युवालाई समाज रूपान्तरणको प्रमुख शक्ति भएको उल्लेख गर्दै जिम्मेवार नागरिक, सक्षम नेतृत्वकर्ता र सकारात्मक परिवर्तनका संवाहक बन्न आग्रह गर्नुभएको छ। बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङ, जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक अङ्कुर जिसी तथा नेपालगञ्ज उपमहानगरपालिकाका नगर प्रमुख प्रशान्त विष्टले युवाको भूमिका, जिम्मेवारी र समसामयिक चुनौतीका विषयमा धारणा राख्नुभएको थियो।

प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले युवालाई परिवर्तनका संवाहकको रूपमा चित्रित गर्दै समाज, समुदाय र राष्ट्रप्रति जिम्मेवार बन्न आग्रह गर्नुभयो। उहाँले युवाको सोच, व्यवहार र क्रियाशीलताले समाजलाई सही दिशामा लैजान सक्ने उल्लेख गर्दै ज्ञान, सीप र क्षमताको विकासमार्फत नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। उहाँले युवालाई आफ्ना कर्म र त्यसबाट उत्पन्न हुने परिणामप्रति जवाफदेही हुन सुझाव दिनुभयो। तामाङले अहिले नेपालगञ्जसहित देशभरका युवासामु लागुऔषध दुर्व्यसन गम्भीर चुनौतीका रूपमा देखा परेको उल्लेख गर्दै यसको नियन्त्रणका लागि युवाले अभियानकै रूपमा काम गर्नुपर्ने बताउनुभयो। उहाँले सूचना प्रविधिको क्षेत्रमा रहेका अवसरको उपयोग गर्दै त्यसबाट हुने ठगी, हिंसा र दुरूपयोग प्रति पनि सचेत रहन आग्रह गर्नुभयो।




जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक अङ्कुर जिसीले समाजलाई सुरक्षित बनाउन प्रहरी मात्रको प्रयास पर्याप्त नहुने भन्दै समुदाय र युवाको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभयो। उहाँले लागुऔषध दुर्व्यसन, चोरी तथा सडक सुरक्षाजस्ता विषयमा जनचेतना फैलाउन युवाले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो। घर, टोल र समुदायमा देखिने विकृतिबारे सम्बन्धित निकायलाई जानकारी गराउने, दुर्व्यसनमा फसेकाहरूलाई उपचार र पुनःस्थापनाको प्रक्रियामा जोड्ने तथा सामाजिक उत्तरदायित्व वहन गर्ने कार्यमा युवाहरू अग्रसर हुनुपर्ने उहाँको भनाइ थियो।

नगर प्रमुख प्रशान्त विष्टले वर्तमान पुस्ता पूर्ण रूपमा सूचना प्रविधिसँग जोडिएको उल्लेख गर्दै त्यसको सही उपयोग गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। सामाजिक सञ्जाल र विद्युतीय माध्यमलाई मनोरञ्जनमा मात्र सीमित नगरी ज्ञान, सीप र चेतना अभिवृद्धिको माध्यम बनाउन सके युवाको भविष्य उज्ज्वल हुने उहाँको भनाइ थियो।

नगर प्रमुख विष्टले कुनै पनि क्षेत्रमा सफलता प्राप्त गर्न निरन्तर अध्ययन, मेहनत र अनुशासन आवश्यक पर्ने उल्लेख गर्दै युवाले आफ्नो पहिचान आफैँ निर्माण गर्नुपर्ने बताउनुभयो। उद्घाटन सत्रमा सहभागी वक्ताहरू मौलाना अब्दुल जब्बार मन्जरी, बागेश्वरी मन्दिरका मूल महन्त चन्दननाथ योगी, समाजसेवी रचना श्रेष्ठ, नेपाल पत्रकार महासङ्घ बाँकेका अध्यक्ष नवीन गिरी लगायतले युवालाई सकारात्मक सोच, सिर्जनशीलता र सामाजिक प्रतिबद्धताका साथ अघि बढ्न आह्वान गरेका थिए।

सम्मेलनमा युवासँग प्रत्यक्ष सरोकार राख्ने समसामयिक विषयमा केन्द्रित विभिन्न सत्रहरू सञ्चालन हुने आयोजकले जनाएको छ। साइबर सुरक्षा र साइबर अपराध नियन्त्रणदेखि पर्यटन प्रवर्द्धन, नेतृत्व विकास, सकारात्मक सोच, व्यक्तित्व विकास, सूचना प्रविधिका अवसर तथा चुनौती र स्थानीय विकास योजनामा युवाको सहभागिताजस्ता विषयमा विज्ञहरूबीच छलफल हुने सम्भावना नेपालका अध्यक्ष साहिल अन्सारीले जानकारी दिनुभयो।

# धम्बोझीमा राष्ट्रिय स्तरको नेपालगन्ज पम्प ट्रयाक च्यालेन्ज हुँदैं

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, ४ असार*

नेपालगन्जमा राष्ट्रियस्तरको 'नेपालगन्ज पम्प ट्र्याक च्यालेन्ज' हुने भएको छ।

नेपालगन्ज उपमहानगरपालिका वडा नम्बर १, कोहलपुर नगरपालिका, बाँके जिल्ला साइक्लिङ संघ, नेपालगन्ज साइक्लिङ क्लवको सहकार्यमा नेपालगन्ज बाइसाइकल प्रालिले आयोजना गरेको नेपालगन्ज पम्प ट्र्याक च्यालेन्जमा देशभरबाट ३५ जना खेलाडीले भाग लिदैछन्।

साइकल पम्प ट्र्याक देशभरमै नेपालगन्ज र ललितपुरमा मात्रै रहेको छ। देशभर संरचना नभएकाले यो खेलमा धेरै खेलाडी छैनन्।




नेपालगन्ज बाइसाइकल प्रालिका निर्देशक गगन थापाका अनुसार प्रतियोगितामा उमेर अनुसार विभिन्न ६ वटा विधामा रहेका छन्। प्रतियोगिताले नेपालगन्ज पम्प ट्र्याकको विकास, प्रचार प्रसार, नयाँ प्रतिभाको खोजी तथा खेल पर्यटन प्रवर्दनमा सघाउ पुर्याउने थापाले बताए। नेपालगन्ज उपमहानगरपालिका वडा नम्बर १ का अध्यक्ष प्रमोद रिजालले पम्प ट्र्याक बनेपछि साइकल चलाउने तथा व्यवसायिक खेलाडी हुन इच्छा राख्नेको संख्या बढिरहेको बताए।

उनले प्रतियोगिताले युवामा खेल संस्कृतिको विकास, स्वस्थ जीवनशैलीको प्रवर्दन, वातावरणमैत्री यातायातप्रति आकर्षण अभिबृद्धि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादनका लागि आधार तयार गर्न सहयोग पुग्ने बताए। प्रतियोगिता असार ६ गते हुनेछ।

# प्रथम मेयर कप महिला तथा पुरुष हक्कीमा त्रिभुवन चोकको दोहोरो जित

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, ४ असार*

नेपालगन्जमा जारी प्रथम मेयर कप महिला तथा पुरुष (५-एस) हक्की प्रतियोगितामा बिहिबार पहिलो खेलमा त्रिभुवन चोक क्लबले जित हासिल गरेको छ। त्रिभुवन चोक क्लबले बाँके गाउँ क्लबलाई शुन्यको बिरुद्ध ३ गोलले पराजित गर्न सफल भयो। त्यसैगरी महिलातर्फ कै दोस्रो खेलमा महेन्द्र पार्क क्लबले बाबू गाउँ क्लबलाई शुन्यको विरुद्ध ३ गोलले नै पराजित गरेको छ। त्यसैगरी पुरुष तर्फ बाँके गाउँ क्लबले त्रिभुवन चोक क्लबलाई ३-१ गोल अन्तरले पराजित गर्न सफल भयो। शुक्रबार बिहान ५ वटा खेलहरू हुने तथा बेलुका ५ बजे फाईनल खेल हुने आयोजकले जनाएको छ। नेपालगन्ज उप- महानगरपालिकाको सहयोग तथा पूर्व खेलाडी समाज बाँकेको आयोजनामा प्रथम मेयर कप महिला तथा पुरुष (५-एस) हक्की प्रतियोगिता-२०८३ बिहिबारदेखि नेपालगञ्जमा सुरु भएको हो। प्रतियोगितामा ४ महिला तथा ४ पुरुष टोलीको सहभागिता रहेको छ। खेलहरू लिग कम नक-आउट प्रणालीमा सञ्चालन भइरहेको आयोजक पूर्व खेलाडी समाजका सचिव नरेन्द्र थापाले जानकारी गराउनु भयो।


## श्री शिवपुरी माध्यमिक विद्यालय

**जानकी गाउँपालिका-०१, शिवपुरी बाँके**

**विषय : विज्ञापन सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा यस विद्यालयको वि.व्य.स.को मिति २०८३।०२।२६ गतेको निर्णय तथा शिक्षा विकास तथा समन्वय इकाइ, बाँकेको प.सं.२०८२/०८३, च.न.१०२१, मिति २०८३।०२।२० गतेको शिक्षक विज्ञापनको लागि प्राप्त अनुमति पत्र अनुसार यस विद्यालयमा तपशिल अनुसारको पद रिक्त रहेकोले तपशिल अनुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुका लागि दरखास्त आह्वान गरिन्छ।

तपशिल

१. विज्ञापन नं.: ०२/२०८२-०८३
२. पद शिक्षक
३. तह : प्राथमिक तह, तृतीय : श्रेणी
४. किसिम : अस्थायी करार
५. शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्र संकायमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा
सो सरह
६. उमेरहद : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
७. दरखास्त दस्तुर : रु.२०००/- (दुई हजार मात्र।)
८. तलब तथा सेवा सुविधा : नेपाल सरकारले तोके बमोजिम
९. आवश्यक कागजात :

- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- अध्यापन अनुमिति पत्रको प्रतिलिपि
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- निरोगिकताको प्रमाण पत्र

(माथिल्लो तहको योग्यता भएकोलाई विशेष प्राथमिकता)

१०. दरखास्त बुझाउने अन्तिम मिति : २०८३।०३।१० गते विद्यालय समय भित्र
११. सम्पर्क मिति : २०८३।०३।११
१२. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।
१३. परीक्षा किसिम : लिखित, मौखिक तथा आवश्यकता परेमा प्रयोगात्मक समेत
१४. सम्पर्क नं. ९८४८१७३७९०



मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers
लक्ष्मी मिडिया प्रिन्टर्स
बि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

# युवा पलायन रोक्ने उपाय



शङ्करप्रसाद गौतम

उद्योग तथा व्यवसायसँग सम्बन्धित कतिपय ऐन कानुन अझै पनि राणा तथा पञ्चायतकालीन संरचनाबाट प्रभावित छन् । यस्ता कानुन वर्तमान खुला अर्थतन्त्र र उदारीकरणको नीतिसँग पूर्ण रूपमा मेल खाने खालका छैनन् । परिणामस्वरूप एकातर्फ स्वदेशमै उद्योग-व्यवसायमा लगानी गर्ने अनुकूल वातावरण निर्माण हुन सकेको छैन भने अर्कातर्फ विदेशी लगानीसमेत अपेक्षित रूपमा आकर्षित गर्न कठिनाइ छ ।

केही वर्षपहिलेसम्म नेपालमा कृषि, उद्योग, व्यापार र व्यवसाय गर्न पूर्वाधारको अभाव भएको मानिन्थ्यो। त्यसबखत सडक, विद्युत्, खानेपानी, सिँचाइ, सञ्चार जस्ता पूर्वाधारको पहुँच न्यून थियो। नेपाल सरकारले पहिलो पञ्चवर्षीय योजनादेखि हाल कार्यान्वयनमा रहेको १६ औँ पञ्चवर्षीय योजनासम्म पूर्वाधारको विकासलाई नै बढी प्राथमिकता दिँदै आएको छ। पञ्चायत र बहुदलीय व्यवस्थामा समेत समयसापेक्ष पूर्वाधारकै विकास र विस्तार हुँदै आएको थियो। देश सङ्घीय गणतान्त्रिक व्यवस्थामा परिणतपश्चात् तिनै तहका सरकारका प्राथमिकता पूर्वाधारको विकास विस्तारमै व्यतीत भएको छ। पूर्वाधारका अभावमा जनता गाउँघरमै कृषि पेसामा रमाएर बसेका थिए। अहिले गाउँ गाउँमा पूर्वाधार पुगेका छन् तथापि गाउँघरमा जनसङ्ख्या घट्दो छ।

कृषि, उद्योग, व्यापार तथा व्यवसाय सञ्चालनका लागि आवश्यक पूर्वाधारको अभाव अब देखिँदैन। तथापि अपेक्षा अनुसार उद्योग, व्यापार र व्यवसायको विस्तार हुन सकेको छैन। प्लस टु तथा सोभन्दा माथिल्लो शिक्षा हासिल गरेपछि धेरै जसो युवाको प्रमुख लक्ष्य नै विदेश पलायन हुने छ। देशको युवा तथा शिक्षित जनशक्ति रोजगारीका अवसर खोज्दै बिदेसिने क्रम तीव्र बनेको छ। अरबौँ रुपियाँ लगानी गरेर निर्माण गरिएका पूर्वाधारसमेत अपेक्षित आर्थिक उपयोगमा आउन नसकी तथ्याङ्कीय उपलब्धि जस्तो मात्र सीमित हुँदै गएका छन्। यस्तो अवस्थामा शासनसत्तामा रहेका राजनीतिज्ञ, कर्मचारीतन्त्र तथा सम्बन्धित सरोकारवालाले गम्भीर रूपमा मनन र विश्लेषण गर्नु आवश्यक छ। युवा तथा शिक्षित जनशक्ति पलायनका धेरै कारण छन्। तीमध्ये केही कारणमा सुधार गर्न सकिएमा भविष्यमा जनशक्ति पलायन रोक्न र विदेशमा भएका दक्ष जनशक्ति आकर्षित गरी नेपाल फर्काउने सम्भावना रहन्छ।

हाम्रो देशको परम्परागत शिक्षा पद्धतिमा ज्ञानसँगै सिप, प्रविधि, आचरण र नैतिकताका पक्षसमेत समेटिएका थिए। यी पक्ष आज पनि समाजका लागि उत्तिकै उपयोगी र प्रभावकारी छन् तर वर्तमान समय प्रविधिको तीव्र विकाससँगै विश्व एकै छातामुनि आएको सन्दर्भमा परम्परागत ज्ञान र सिपलाई आधुनिक प्रविधिसँग समायोजन गर्नु आवश्यक थियो, जुन दिशामा अपेक्षित ध्यान पुग्न सकेन। साथै स्थानीय पेसा, व्यवसाय, मूल्यमान्यता, भाषा, कला र संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्ने किसिमको पाठ्यक्रम विकास गर्न पनि पर्याप्त पहल हुन सकेन। फलस्वरूप, शिक्षा प्राप्त गरेका युवा तथा शिक्षित वर्ग देशमै टिक्न नसकी वैदेशिक रोजगारीतर्फ आकर्षित हुन थाले।

लोक सेवा आयोगको वर्तमान पाठ्यक्रम अपेक्षाकृत रूपमा परम्परागत प्रकृतिको रहेको र आजको युगसँग पूर्ण रूपमा मेल खान नसकेको देखिन्छ। बदलिँदो समय, प्रविधि र प्रशासनिक आवश्यकतासँग तालमेल मिलाउँदै पाठ्यक्रमलाई समयानुकूल परिमार्जन र सुधार गर्दै लैजानु आवश्यक छ। किनकि परीक्षाको तयारीका लागि अतिरिक्त एकदेखि दुई वर्षसम्म विशेष अध्ययन गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

नेपालका विश्वविद्यालयको परीक्षाफल प्रकाशन गर्ने समय र लोक सेवा आयोगको विज्ञापन प्रकाशित गर्ने समयबिच आवश्यक तादात्म्यको अभाव देखिन्छ। हालको अवस्थालाई हेर्दा विश्वविद्यालयमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी लोक सेवा आयोगको परीक्षामा अपेक्षाकृत कम मात्र सफल हुने गरेको पाइन्छ। अर्थात् विश्वविद्यालयका टपर विद्यार्थी निजामती सेवामा कम मात्र प्रवेश गर्ने प्रवृत्ति छ। तसर्थ विश्वविद्यालयका उत्कृष्ट विद्यार्थीलाई निजामती सेवातर्फ आकर्षित र समावेश गर्न सकिने रणनीति विकास गर्न लोक सेवा आयोगले विशेष ध्यान दिनु आवश्यक छ। शिक्षा र स्वास्थ्य दुवै क्षेत्र क्रमशः महँगो हुँदै गइरहेका छन्। सानो तथा सीमित आम्दानीले उच्च शिक्षा हासिल गर्न र आवश्यक स्वास्थ्य उपचार गर्न कठिन हुने अवस्था बढ्दै गएको छ। मेहनतपूर्वक अध्ययन गरेर योग्यता हासिल गरे पनि सो अनुसारको रोजगारी प्राप्त नहुनु अर्को चुनौती देखिएको छ। प्राडा विश्वनाथ कोइरालाले एक लेखमा सरल र सुलभ शिक्षाका केही सूत्र प्रस्तुत गर्नुभएको भए पनि त्यसतर्फ राज्यको ध्यान अपेक्षित रूपमा केन्द्रित हुन सकेको छैन। शिक्षा ऐन तर्जुमा गर्नुपर्ने विषयमा समेत सरोकारवालाले आन्दोलन गर्नुपर्ने अवस्था सिर्जना हुनु वर्तमान प्रणालीगत कमजोरीको सङ्केत हो।

स्वास्थ्य बिमा कार्यक्रम पनि अनिवार्य रूपमा लागु हुन नसक्दा यसको दायरा सीमित छ। हाल स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या करिब २१ प्रतिशत मात्र रहेको तथ्यले यसलाई पुष्टि गर्छ। शिक्षा र स्वास्थ्य दुवै महँगो र पहुँचयोग्य नभएकै कारण धेरै मानिस वैदेशिक रोजगारीतर्फ जान बाध्य छन्।

उद्योग तथा व्यवसायसँग सम्बन्धित कतिपय ऐन कानुन अझै पनि राणा तथा पञ्चायतकालीन संरचनाबाट प्रभावित छन्। यस्ता कानुन वर्तमान खुला अर्थतन्त्र र उदारीकरणको नीतिसँग पूर्ण रूपमा मेल खाने खालका छैनन्। परिणामस्वरूप एकातर्फ स्वदेशमै उद्योग-व्यवसायमा लगानी गर्ने अनुकूल वातावरण निर्माण हुन सकेको छैन भने अर्कोतर्फ विदेशी लगानीसमेत अपेक्षित रूपमा आकर्षित गर्न कठिनाइ भइरहेको छ। नीतिगत कमजोरी र अस्पष्टताकै कारण कतिपय ठुला परियोजना तथा उद्योग, जस्तै पतञ्जली र गिरीबन्धुसम्बन्धी विषय, विवादमा तानिएका देखिन्छन्। यस्ता विवादले केवल उद्योग क्षेत्र मात्र होइन, राजनीतिक नेतृत्वसमेत प्रश्नको घेरामा पर्ने अवस्था सिर्जना भएको छ। यदि समयमै आवश्यक कानुनी सुधार र परिमार्जन गर्न सकिएन भने यस्ता समस्या झन् जटिल बन्दै जाने निश्चित देखिन्छ। त्यसैले बदलिँदो आर्थिक परिवेश अनुसार ऐन कानुनको पुनरवलोकन र अद्यावधिक गर्नु अत्यावश्यक छ। कृषकले मेहनतपूर्वक कृषि तथा पशुजन्य उत्पादनहरू उत्पादन गर्दै आएका छन् तर ती उत्पादनको बिक्रीका लागि सुनिश्चित बजारको अभाव छ। हाल सङ्घीय, प्रदेश र स्थानीय गरी तीन तहका सरकार क्रियाशील छन्। यस्तो संरचनाको प्रभावकारी उपयोग गर्दै कृषकका उत्पादनको बिक्री सुनिश्चित हुने व्यवस्थित बजार प्रणाली र आपूर्ति शृङ्खला विकास गर्न सकिए कृषि क्षेत्र सुदृढ बन्न सक्छ। यसले कृषि उद्योगको विस्तारमा समेत टेवा पुऱ्याउने छ। यदि कृषि उत्पादनको उचित बजार व्यवस्थापन गर्न सकियो भने युवा तथा शिक्षित वर्ग पनि कृषि पेसातर्फ आकर्षित हुने सम्भावना बढ्छ, जसले ग्रामीण अर्थतन्त्रलाई समेत बलियो बनाउन सहयोग पुऱ्याउने छ।

कर्मचारीतन्त्रको सक्षमता र सक्रियताबिना कुनै पनि देशले अपेक्षित विकास हासिल गर्न सक्दैन। तथापि नेपालमा जनमैत्री र सेवा उन्मुख कर्मचारीतन्त्रको अभाव खड्किएको छ। हालको अवस्थामा कर्मचारीतन्त्रमा जनतामैत्री तथा सङ्घीय गणतान्त्रिक मूल्यमान्यता अनुरूप भावना विकास हुन नसकेको गुनासो पनि समय समयमा उठ्ने गरेको छ। कर्मचारीको प्राथमिकता सेवा प्रवाहभन्दा पनि कतिपय अवस्थामा अतिरिक्त आर्थिक लाभतर्फ केन्द्रित हुने प्रवृत्ति छ। यो अवस्था तलब संरचनाको कमी हो वा कार्यप्रणालीगत र नैतिक पक्षसँग सम्बन्धित समस्या हो भन्ने विषय थप अध्ययन आवश्यक छ।

एयरपोर्ट, यातायात, भन्सार, नापी, मालपोतलगायतका केही कार्यालयमा अनियमितता र अतिरिक्त रकम (घुस) को माग हुने गरेको आरोप सार्वजनिक रूपमा उठ्ने गरेको छ। कतिपय अवस्थामा 'सेटिङ' मार्फत काम अघि बढ्ने अभ्याससमेत देखिन्छ भन्ने जनगुनासो पनि रहँदै आएको छ। यसले सेवा प्रवाहलाई थप जटिल र अविश्वसनीय बनाएको छ। यस्तो परिस्थितिमा दक्ष, इमानदार र उत्तरदायी कर्मचारीतन्त्रको सुदृढीकरण तथा प्रभावकारी निगरानी प्रणाली आवश्यक देखिन्छ, जसले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, छिटो र जनमैत्री बनाउन सहयोग पुऱ्याउन सक्छ।

प्रकृतिको सुन्दर देश नेपालमा भौतिक पूर्वाधारको विकास केही हदसम्म पूरा भएको देखिन्छ। तथापि पूर्वाधारको मात्र विकासले युवा जनशक्तिलाई स्वदेशमै रोक्न पर्याप्त हुँदैन भन्ने यथार्थ पनि स्पष्ट भइसकेको छ। पूर्वाधारसँगै शिक्षा, स्वास्थ्य र रोजगारीका लागि अनुकूल वातावरण निर्माण गर्न सकिए मात्र दिगो विकास सम्भव हुन्छ। यसका लागि समयानुकूल नीति निर्माण तथा दीर्घकालीन योजनाको आवश्यकता अत्यन्त महत्वपूर्ण छ। यस्तो नीति निर्माण र कार्यान्वयनको जिम्मेवारी सरकार सञ्चालन गर्ने राजनीतिक नेतृत्वकै हुन्छ। सत्तामा पुगेर केवल पूर्वाधार विकासमा मात्र केन्द्रित हुने कि युवा तथा दक्ष जनशक्तिलाई स्वदेशमै रोजगारी प्रदान गर्न सक्ने समग्र विकासको मार्ग तय गर्ने भन्ने कुरा अन्ततः राजनीतिक नेतृत्वको सोच, दृष्टिकोण र प्रतिबद्धतामा निर्भर गर्छ।

*–गोरखापत्र*

## स्वास्थ्य

# सिटामोलले मात्रै नघट्न सक्छ 'लू' को ज्वरो, बेवास्ता गर्दा ज्यानै जोखिममा

गर्मी बढ्दै जाँदा देशका विभिन्न क्षेत्रमा 'लू' लाग्ने जोखिम पनि बढ्न थालेको छ। केही वर्षअघिसम्म तराई-मधेशमा बढी देखिने अत्यधिक गर्मी अहिले पहाडी जिल्लाहरूमा समेत महसुस हुन थालेको छ। तापक्रम बढेसँगै तातो र सुख्खा हावा चल्ने, शरीरबाट अत्यधिक पसिना बग्ने र त्यसका कारण स्वास्थ्यमा गम्भीर समस्या देखिने क्रम बढ्दो छ।

धेरैजसो मानिस ज्वरो आउँदा सिटामोल खाएर आराम गर्ने गर्छन्। तर 'लू' लाग्दा शरीरको तापक्रम अत्यधिक बढ्न सक्छ र यस्तो अवस्थामा सिटामोलजस्ता ज्वरो घटाउने औषधिले मात्रै पर्याप्त काम नगर्न सक्छन्।

किनभने 'लू' सामान्य संक्रमणका कारण हुने ज्वरो होइन, शरीरको तापक्रम नियन्त्रण गर्ने प्रणाली हाइपोथालामस नै प्रभावित हुने अवस्था हो। समयमै उपचार नपाए यसले मस्तिष्क, मुटु, मिर्गौला लगायतका महत्वपूर्ण अंगमा असर पुऱ्याउन सक्छ।

विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला, दीर्घरोगी तथा घाममा लामो समय काम गर्ने व्यक्तिहरू 'लू' को उच्च जोखिममा हुन्छन्। त्यसैले, गर्मी बढिरहेका बेला यसको कारण, लक्षण र बच्ने उपायबारे जानकारी हुनु आवश्यक छ।

**'लू' किन लाग्छ र कसरी चिन्न सकिन्छ ?**

मानव शरीरले सामान्य अवस्थामा पसिना निकालेर आफ्नो तापक्रम नियन्त्रण गर्छ। तर अत्यधिक गर्मीमा लामो समय बस्दा वा काम गर्दा शरीरबाट धेरै पसिना निस्कन्छ। यससँगै शरीरमा आवश्यक पानी र नुन (इलेक्ट्रोलाइट) को मात्रा पनि घट्न थाल्छ।

जब शरीरले गुमाएको पानी र इलेक्ट्रोलाइटको पूर्ति गर्न सक्दैन, शरीरको तापक्रम असामान्य रूपमा बढ्न थाल्छ। यही अवस्थाले 'लू' लाग्ने जोखिम बढाउँछ।

सुरुवाती अवस्थामा अत्यधिक प्यास लाग्ने, टाउको दुख्ने, चक्कर लाग्ने, कमजोरी महसुस हुने, भोक कम लाग्ने वा अत्यधिक थकान हुने जस्ता लक्षण देखिन सक्छन्। अवस्था गम्भीर हुँदै जाँदा वान्ता हुने, मांसपेशी दुख्ने, मुटुको धड्कन बढ्ने, छटपटी हुने, अनुहार रातो हुने र शरीर निकै तातो हुने जस्ता समस्या देखा पर्छन्।

कतिपय अवस्थामा बिरामी बेहोस समेत हुन सक्छ। यस्तो अवस्थामा तुरुन्त उपचार नपाए ज्यानसमेत जोखिममा पर्न सक्छ। 'लू' को असर तत्काल मात्र होइन, दीर्घकालीन पनि हुन सक्छ। यसले रक्तचाप, मुटु तथा अन्य दीर्घरोग भएका व्यक्तिको स्वास्थ्य अवस्था थप जटिल बनाउन सक्छ।




**'लू' लागेमा तुरुन्त के गर्ने ?**

कुनै व्यक्तिमा 'लू' को लक्षण देखिएमा सबैभन्दा पहिले उसलाई घाम वा तातो वातावरणबाट हटाएर चिसो र हावायुक्त स्थानमा राख्नुपर्छ। शरीरको तापक्रम घटाउने प्रयास तुरुन्त सुरु गर्नुपर्छ।

बिरामीको कपडा खुकुलो बनाइदिनु वा आवश्यक परे हटाइदिनुपर्छ। चिसो पानीमा कपडा भिजाएर निधार, घाँटी, काखी तथा हातखुट्टामा राख्दा शरीर चिसो बनाउन मद्दत पुग्छ। चिसो पानीले शरीर पुछिदिँदा पनि राहत मिल्न सक्छ।

यदि बिरामी होसमा छ भने उसलाई पानी, जीवनजल, कागती पानी, नरिवल पानी वा अन्य झोलयुक्त पदार्थ दिन सकिन्छ। यसले शरीरमा पानीको कमी पूर्ति गर्न मद्दत गर्छ।

तर बिरामी बेहोस भएको छ, बोल्न गाह्रो भइरहेको छ, खुट्टामा बल छैन, अत्यधिक कमजोरी छ वा शरीरको तापक्रम निकै बढेको छ भने ढिलाइ नगरी स्वास्थ्य संस्थामा लैजानुपर्छ। गम्भीर अवस्थामा अस्पतालमा स्लाइन तथा अन्य आपत्कालीन उपचार आवश्यक पर्न सक्छ।

**'लू' बाट कसरी जोगिने ?**

- बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म घामको प्रभाव बढी हुने भएकाले यो समयमा सकेसम्म बाहिर ननिस्कनु उपयुक्त हुन्छ।
- बाहिर जानैपर्ने अवस्था भए पर्याप्त पानी पिएर मात्र निस्कने। छाता, टोपी वा टाउको छोप्ने कपडा प्रयोग गर्ने। यसले हल्का र सुतीका कपडा लगाउँदा तापक्रम व्यवस्थापन गर्न शरीरलाई सजिलो हुन्छ।
-गर्मी मौसममा नियमित रूपमा पानी पिउनुपर्छ। प्यास लागेपछि मात्र होइन, प्यास नलागे पनि केही-केही समयमा पानी पिइरहनु उपयुक्त हुन्छ।
-जीवनजल, कागती पानी, बेलको सर्बत, नरिवल पानी तथा अन्य झोलयुक्त पेय पदार्थले शरीरमा पानीको मात्रा कायम राख्न मद्दत गर्छन्।
-खानपानमा पनि विशेष ध्यान दिनुपर्छ। काँक्रो, खरबुजा, तरबुजा, सुन्तला, अंगुर, सलाद, सागसब्जी तथा पानीको मात्रा बढी भएका फलफूल र खाद्य पदार्थ उपयोगी मानिन्छन्। भारी, धेरै चिल्लो, तारेको वा अत्यधिक पिरो खानेकुरा कम खानु राम्रो हुन्छ।
- मदिरा सेवन, अत्यधिक चिया, कफी तथा चिनी धेरै भएका पेय पदार्थले शरीरमा पानीको कमी बढाउन सक्ने भएकाले यस्ता पदार्थको सेवन सीमित गर्नुपर्छ।
-त्यसैगरी, एसी वा अत्यधिक चिसो कोठाबाट एक्कासी चर्को घाममा निस्कँदा पनि समस्या हुन्छ। यस्तोमा शरीरको तापक्रममा एक्कसी ठूलो परिवर्तन आउन सक्छ। त्यसैले केही समय सामान्य वातावरणमा बसेर मात्र बाहिर निस्कनु उपयुक्त हुन्छ।
- खेतबारी, निर्माणस्थल वा खुला ठाउँमा काम गर्ने व्यक्तिले बिहान वा साँझको समय रोज्नु राम्रो हुन्छ। कामको बीचमा विश्राम लिनु, पानी पिइरहनु र शरीरमा पानीको कमी हुन नदिनु अत्यन्त महत्वपूर्ण हुन्छ।

गर्मीको मौसममा 'लू' सामान्य समस्या जस्तो लाग्न सक्छ, तर यसले गम्भीर स्वास्थ्य जटिलता निम्त्याउन सक्छ। त्यसैले तापक्रम बढिरहेका बेला पर्याप्त पानी पिउने, घामबाट जोगिने र शरीरमा देखिने प्रारम्भिक संकेतलाई बेवास्ता नगर्ने बानी नै 'लू' विरुद्धको सबैभन्दा प्रभावकारी सुरक्षा हो।

*–अनलाइनखबर*

# कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०३/०५**

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरूबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रूपमा साँवा ब्याज बुझँाउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता (साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक पटक मौखिक तथा लिखितरूपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराव वर्गमा कर्जाको वर्गीकरण भएको, कर्जा लिँदाको बखतमा यस वित्तीय संस्थासंग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझँाउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) रकम तिर्नु बुझँाउनु हुन जानकारी गराईन्छ। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा नियमानुसार धितो लिलामी गरी असुलउपर गरिने तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ को निर्देशन नं. ११(२) बमोजिम तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई पर्न जाने असुविधा प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने व्यहोरा जानकारी गर्दछौं।

**तपसिल:**

**ऋणी तथा एकल/धनजमानीकर्ताहरूको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. तथा धितोमा रहेको जग्गाको विवरण**

**शाखा कार्यालय : छिन्चु, सुर्खेत**

१. ऋणीको नाम : सपना दमाई, पिता/पतिको नाम : धन बहादुर दमाई, बाजे/ससुराको : हरे दमाई, स्थायी ठेगाना : छिन्चु-८, सुर्खेत, ना.प्र.नं. : ६४१०२६/१०५८८६, कर्जाको शीर्षक : आकस्मिक
एकलजमानीको नाम : धन बहादुर दमाई, पिता/पतिको नाम : हरे दमाई, बाजे/ससुराको नाम : सर्बजित दमाई, स्थायी ठेगाना : छिन्चु-८, सुर्खेत, ना.प्र.नं. : ५०४४४

२. ऋणीको नाम : सिता नेपाली, पिता/पतिको नाम : पृथ्वी बहादुर नेपाली, बाजे/ससुराको नाम : चिने बादी, स्थायी ठेगाना : छिन्चु-८, सुर्खेत, ना.प्र.नं. : ६४१०२६/९५३८२, कर्जाको शीर्षक : आकस्मिक
एकलजमानीको नाम : प्रकाश नेपाली, पिता/पतिको नाम : पृथ्वी बहादुर नेपाली, बाजे/ससुराको नाम : चिने बादी, स्थायी ठेगाना : भेरीगंगा-१०, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७६-०५२३४

३. ऋणीको नाम : सेतु वादी, पिता/पतिको नाम : राम सिं वादी, बाजे/ससुराको नाम : जिते वादी, स्थायी ठेगाना : छिन्चु-७, सुर्खेत, ना.प्र.नं. : ३४३, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : राम सिं वादी, पति/पिताको नाम : जिते वादी, स्थायी ठेगाना : छिन्चु-७, सुर्खेत, ना.प्र.नं. : ६४२११६१

४. ऋणीको नाम : गंगा दमाई, पिता/पतिको नाम : होमराज दमाई, बाजे/ससुराको नाम : हरि लाल दमाई, स्थायी ठेगाना : छिन्चु-८, सुर्खेत, ना.प्र.नं. : ४७९२३, कर्जाको शीर्षक : आकस्मिक
एकलजमानीको नाम : हेमराज दमाई, पिता/पतिको नाम : हरिलाल दमाई, बाजे/ससुराको नाम : गजविर दमाई, स्थायी ठेगाना : विरेन्द्रनगर-२, सुर्खेत, ना.प्र.नं. : २९२७०

५. ऋणीको नाम : आशा घले(चुनारा), पिता/पतिको नाम : नविन चुनारा, बाजे/ससुराको नाम : शिवराम चुनारा, स्थायी ठेगाना : भेरी गंगा-११, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७५-०३२६८, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : नविन चुनारा, पिता/पतिको नाम : शिवराम चुनारा, बाजे/ससुराको नाम : हर्के चुनारा, स्थायी ठेगाना : रामघाट-५, सुर्खेत, ना.प्र.नं. : ६४५१७७०/६७३

६. ऋणीको नाम : मीना बाका मगर, पिता/पतिको नाम : घनश्याम के.सी., बाजे/ससुराको नाम : मान बहादुर खत्री, स्थायी ठेगाना : दशरथपुर-४, सुर्खेत, ना.प्र.नं. : ६४२६८, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : पदमा खत्री, पिता/पतिको नाम : मान बहादुर खत्री, बाजे/ससुराको नाम : अम्मर सिहं खत्री, स्थायी ठेगाना : लालीकाँडा-३, दैलेख, ना.प्र.नं. : ७६८

७. ऋणीको नाम : विष्णु शाही, पिता/पतिको नाम : कृष्ण वहादुर शाही, बाजे/ससुराको नाम : प्रेम वहादुर शाही, स्थायी ठेगाना : छिन्चु-७, सुर्खेत, ना.प्र.नं. : ६४३०२६/१९८, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : कृष्ण बहादुर शाही, पिता/पतिको नाम : प्रेम बहादुर शाही, बाजे/ससुराको नाम : ढुङ्गे बहादुर शाही, स्थायी ठेगाना : छिन्चु-७, सुर्खेत, ना.प्र.नं. : ६४४७९१८/६१९

८. ऋणीको नाम : कमला कुमारी शाही, पिता/पतिको नाम : लोकेन्द्र बहादुर शाही, बाजे/ससुराको नाम : सर्पु शाही, स्थायी ठेगाना : कोर्ताङ्ग-३, जाजरकोट, ना.प्र.नं. : ८८५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रेशा आर.सी., पिता/पतिको नाम : नारायण बहादुर रोकाय, स्थायी ठेगाना : पैंक-५, जाजरकोट, ना.प्र.नं. : ६२१०१९/८०

९. ऋणीको नाम : कमला आले मगर, पिता/पतिको नाम : बल बहादुर आले मगर, बाजे/ससुराको नाम : भक्त बहादुर आले मगर, स्थायी ठेगाना : भेरी गंगा-८, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७३-०५८९१, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : भक्त बहादुर आले मगर, पिता/पतिको नाम : नर बहादुर आले मगर, बाजे/ससुराको नाम : धन सिं आले मगर, स्थायी ठेगाना : छिन्चु-१, सुर्खेत, ना.प्र.नं. : ४९६८७/९६५

१०. ऋणीको नाम : रिश्मा सुनार, पिता/पतिको नाम : लाल बहादुर सुनार, बाजे/ससुराको नाम : दल बहादुर सुनार, स्थायी ठेगाना : भेरी गंगा-११, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७१-०६३१५, कर्जाको शीर्षक : आकस्मिक
एकलजमानीको नाम : लाल बहादुर सुनार, पिता/पतिको नाम : दल बहादुर सुनार, बाजे/ससुराको नाम : कुलविर सुनार, स्थायी ठेगाना : छिन्चु-७, सुर्खेत, ना.प्र.नं. : ६४१०२६/९०९५१

११. ऋणीको नाम : दुर्गा चौधरी, पिता/पतिको नाम : दुखिराम चौधरी, बाजे/ससुराको नाम : रामलाल चौधरी, स्थायी ठेगाना : राप्तीसोनारी-१, बाँके, ना.प्र.नं. : ६६-०६-७६-००९६३, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : मलेना राई, पिता/पतिको नाम : चन्द्र बहादुर राई, बाजे/ससुराको नाम : दल बहादुर राई, स्थायी ठेगाना : भेरी गंगा-१०, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७४-०१७७०

१२. ऋणीको नाम : जोती खड्का, पिता/पतिको नाम : भिम बहादुर खड्का, बाजे/ससुराको नाम : तिलविर खड्का, स्थायी ठेगाना : छिन्चु-३, सुर्खेत, ना.प्र.नं. : २६१, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : जोतीसरा खड्का, पिता/पतिको नाम : चुडामणि खड्का, बाजे/ससुराको नाम : तिलबिर खड्का, स्थायी ठेगाना : छिन्चु-३, सुर्खेत, ना.प्र.नं. : ३३७

१३. ऋणीको नाम : गौरी खड्का(बोटे), पिता/पतिको नाम : रविन बोटे, बाजे/ससुराको नाम : खिम बहादुर बोटे, स्थायी ठेगाना : लेकबेशी-१, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७६-०६४२७, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : रविन बोटे, पिता/पतिको नाम : खिम बहादुर बोटे, बाजे/ससुराको नाम : भिम बहादुर बोटे, स्थायी ठेगाना : लेखफर्सा-७, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७३-०५३१७

१४. ऋणीको नाम : धनिसरा राना, पिता/पतिको नाम : नविन राना, बाजे/ससुराको नाम : नर बहादुर राना, स्थायी ठेगाना : भेरी गंगा-२, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७८-०३७७६, कर्जाको शीर्षक : साधारण/आकस्मिक
एकलजमानीको नाम : नविन राना, पिता/पतिको नाम : नर बहादुर राना, बाजे/ससुराको नाम : भक्ते राना, स्थायी ठेगाना : भेरीगंगा-२, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७४-०६४००

१५. ऋणीको नाम : राज कुमार चुनारा, पिता/पतिको नाम : टिकाराम सुनार, बाजे/ससुराको नाम : हर्के सुनार, स्थायी ठेगाना : भेरीगंगा-१४, सुर्खेत, ना.प्र.नं. : ६४-१२-७१-००३१०, कर्जाको शीर्षक : व्यक्तिगत
१.धनजमानीको नाम : तप्त बहादुर विश्वकर्मा, पिता/पतिको नाम : हिरालाल विश्वकर्मा, बाजे/ससुराको नाम : नरविर कामी, स्थायी ठेगाना : साटाखानी-४, सुर्खेत, ना.प्र.नं. : ६४१०२३/८८३९९
२.धनजमानीको नाम : रत्ना कामी(चुनारा), पिता/पतिको नाम : राज कुमार चुनारा, बाजे/ससुराको नाम : टिकाराम सुनार, स्थायी ठेगाना : भेरी गंगा-११, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७५-०२१७०
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : राज कु चुनारा, जग्गाको ठेगाना : रामघाट-५, सुर्खेत, कित्ता नं. : २६९, जग्गाको क्षेत्रफल : ९५३.८५ व.मी.

१६. ऋणीको नाम : सम्झना रावत, पिता/पतिको नाम : मान वहादुर रोकाय, बाजे/ससुराको नाम : डुमे रोकाय, स्थायी ठेगाना : लेकबेशी-३, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७५-०५७०७, कर्जाको शीर्षक : साधारण

१७. ऋणीको नाम : सान्ती कुमारी कार्की, पिता/पतिको नाम : दिपक जैसी, बाजे/ससुराको नाम : टिकाराम जैसी, स्थायी ठेगाना : लेखपराजुल-२, सुर्खेत, ना.प्र.नं. : ६४३०२१/२३४, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : दिपक जैसी, पति/पिताको नाम : टिकाराम जैसी, स्थायी ठेगाना : लेखपराजुल-२, सुर्खेत, ना.प्र.नं. : ६४१०२१/८२५२४

१८. ऋणीको नाम : धना वली, पिता/पतिको नाम : सन्तबहादुर गाहा, बाजे/ससुराको नाम : भिम बहादुर गाहा, स्थायी ठेगाना : दशरथपुर-७, सुर्खेत, ना.प्र.नं. : ६४३०३४/१९७, कर्जाको शीर्षक : आकस्मिक
एकलजमानीको नाम : सन्त बहादुर गाहा, पति/पिताको नाम : भिम बहादुर गाहा, बाजे/ससुराको नाम : जरजित गाहा, स्थायी ठेगाना : दशरथपुर-७, सुर्खेत, ना.प्र.नं. : ६४१०३४/११३३४२

१९. ऋणीको नाम : देवी चपाई, पिता/पतिको नाम : टेकराज गिरी, बाजे/ससुराको नाम : धन गिरी, स्थायी ठेगाना : नेटा-८, सुर्खेत, ना.प्र.नं. : ६४१०२९/१०४६९०, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : मोहनलाल चपाई, पति/पिताको नाम : तारापति चपाई, बाजे/ससुराको नाम : डिलराम चपाई, स्थायी ठेगाना : नेटा-८, सुर्खेत, ना.प्र.नं. : ०२४

**शाखा कार्यालय : घोराही, दाङ**

२०. ऋणीको नाम : ज्योति गुप्ता, पिता/पतिको नाम : अनिल कुमार गुप्ता, बाजे/ससुराको नाम : कैलाश गुप्ता, स्थायी ठेगाना : घोराही-१०, दाङ, ना.प्र.नं. : ५२-०१-७२-०२२०२, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : अनिल कुमार गुप्ता, पिता/पतिको नाम : कैलाश गुप्ता, स्थायी ठेगाना : त्रि.न.-१०, दाङ, ना.प्र.नं. : ५२३०२१/७५
२.धनजमानीको नाम : राजन कुमार गुप्ता, पिता/पतिको नाम : जगदम्मा प्रसाद गुप्ता, स्थायी ठेगाना : घोराही-१०, दाङ, ना.प्र.नं. : ५२-०१-६९-०२०६१

२१. ऋणीको नाम : दिपमाला वनिया, पिता/पतिको नाम : राजेन्द्र कुमार गुप्ता, बाजे/ससुराको नाम : जगदम्मा प्रसाद गुप्ता, स्थायी ठेगाना : नेपालगन्ज-४, बाँके, ना.प्र.नं. : ६६१०१९/७८१, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : राजेन्द्र कुमार गुप्ता, पिता/पतिको नाम : जगदम्मा प्रसाद गुप्ता, स्थायी ठेगाना : घोराही-१०, दाङ, ना.प्र.नं. : ५२-०१-६९-०२०५४
२.धनजमानीको नाम : राजन कुमार गुप्ता, पिता/पतिको नाम : जगदम्मा प्रसाद गुप्ता, स्थायी ठेगाना : घोराही-१०, दाङ, ना.प्र.नं. : ५२-०१-६९-०२०६१

२२. ऋणीको नाम : लक्ष्मी गुप्ता, पिता/पतिको नाम : शिव वालक राम गुप्ता, बाजे/ससुराको नाम : जगदम्मा प्रसाद गुप्ता, स्थायी ठेगाना : घोराही-१४, दाङ, ना.प्र.नं. : ५२-०१-७४-०१३०७, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : शिव वालक राम गुप्ता, पिता/पतिको नाम : जगदम्वा प्रसाद गुप्ता, स्थायी ठेगाना : त्रि.न.न.पा.-१०, दाङ, ना.प्र.नं. : ५७३०/४५२
२. धनजमानीको नाम : राजन कुमार गुप्ता, पिता/पतिको नाम : जगदम्मा प्रसाद गुप्ता, स्थायी ठेगाना : घोराही-१०, दाङ, ना.प्र.नं. : ५२-०१-६९-०२०६१

२३. ऋणीको नाम : इन्द्रा बिटालु, पिता/पतिको नाम : यम बहादुर बिटालु, बाजे/ससुराको नाम : ढोटे बिटालु, स्थायी ठेगाना : स्युरी-३, रोल्पा, ना.प्र.नं. : ५४१००९/३२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सुनिता बिटालु, पिता/पतिको नाम : यम बहादुर बिटालु, बाजे/ससुराको नाम : ढोटे बिटालु, स्थायी ठेगाना : सुनछहरी-४, रोल्पा, ना.प्र.नं. : ५४-०१-८०-०१९२४

२४. ऋणीको नाम : कृष्णी सार्की, पिता/पतिको नाम : सुरेश बहादुर सार्की, बाजे/ससुराको नाम : जगत बहादुर सार्की, स्थायी ठेगाना : घोराही-८, दाङ, ना.प्र.नं. : ५२-०१-७०-०१९६७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सुरेश बहादुर सार्की, पिता/पतिको नाम : जगत बहादुर सार्की, बाजे/ससुराको नाम : राम बहादुर सार्की, स्थायी ठेगाना : घोराही-८, दाङ, ना.प्र.नं. : ५२१०२०/४४९२

२५. ऋणीको नाम : सृजना वली, पिता/पतिको नाम : दिनेश बहादुर महतरा, बाजे/ससुराको नाम : राम बहादुर महतरा, स्थायी ठेगाना : तुलसीपुर-११, दाङ, ना.प्र.नं. : ५२२०२९/६०९५, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : प्रतिभा रोकाय, पिता/पतिको नाम : मोहन रोका, बाजे/ससुराको नाम : प्रेम बहादुर रोका, स्थायी ठेगाना : घोराही-५, दाङ, ना.प्र.नं. : ५२-०१-७३-०६३२७
२.धनजमानीको नाम : दिनेश बहादुर महतरा, पिता/पतिको नाम : राम बहादुर महतरा, बाजे/ससुराको नाम : अम्मर सिँह महतरा, स्थायी ठेगाना : उरहरी-७, दाङ, ना.प्र.नं. : ११८३/२९३

२६. ऋणीको नाम : भविश्वरा पोखेल, पिता/पतिको नाम : रमेश कुमार भुसाल, बाजे/ससुराको नाम : उमाकान्त भुसाल, स्थायी ठेगाना : पणेना-७, अर्घाखाँची, ना.प्र.नं. : ११०५४/१८७१, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रमेश कुमार भुसाल, पिता/पतिको नाम : उमाकान्त भुसाल, बाजे/ससुराको नाम : रबिलाल भुसाल, स्थायी ठेगाना : रामपुर-४, दाङ, ना.प्र.नं. : १८००६/२७५४

२७. ऋणीको नाम : रुकुमा गौतम, पिता/पतिको नाम : यम बहादुर गौतम खत्री, बाजे/ससुराको नाम : शोभ बहादुर खत्री, स्थायी ठेगाना : मर्कावाङ-३, प्यूठान, ना.प्र.नं. : ४२४९१, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : इन्द्र गौतम, पिता/पतिको नाम : यम वहादुर गौतम खत्री, बाजे/ससुराको नाम : शोभ बहादुर खत्री, स्थायी ठेगाना : घोराही-४, दाङ, ना.प्र.नं. : ५२-०१-७४-०६६९८

२८. ऋणीको नाम : रन्जना शाह, पिता/पतिको नाम : माधव शाह, बाजे/ससुराको नाम : खिम बहादुर शाह, स्थायी ठेगाना : सौडियार-६, दाङ, ना.प्र.नं. : ३००/११४६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : गायत्री वली, पिता/पतिको नाम : छबिलाल वली, स्थायी ठेगाना : घोराही-१४, दाङ, ना.प्र.नं. : ५२-०१-७९-०००३९

२९. ऋणीको नाम : एलिसा शाह, पिता/पतिको नाम : जनक नेपाली, बाजे/ससुराको नाम : गणे सार्की, स्थायी ठेगाना : घोराही-१६, दाङ, ना.प्र.नं. : ५२-०१-७४-०१५५५, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : जनक नेपाली, पिता/पतिको नाम : गणे सार्की, बाजे/ससुराको नाम : देउखरे सार्की, स्थायी ठेगाना : धर्ना-९, दाङ, ना.प्र.नं. : १६६६/१२०३

३०. ऋणीको नाम : सुचना बुढाथोकी, पिता/पतिको नाम : लालु श्रेष्ठ, बाजे/ससुराको नाम : धनवीर श्रेष्ठ, स्थायी ठेगाना : लक्ष्मीपुर-३, दाङ, ना.प्र.नं. : २०२७/२९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : लालु श्रेष्ठ, पिता/पतिको नाम : धनवीर श्रेष्ठ, स्थायी ठेगाना : टकसार-९, भोजपुर, ना.प्र.नं. : ३४२०३/२०५७

३१. ऋणीको नाम : ककसी सुनार, पिता/पतिको डिल वहादुर सुनार, बाजे/ससुराको नाम : भक्ते कामी, स्थायी ठेगाना : ढिकपुर-७, दाङ, ना.प्र.नं. : २३१४/१०५८, कजाृको शीर्षक : साधारण
धनजमानीको नाम : डिल वहादुर सुनार, पिता/पतिको नाम : भक्ते कामी, स्थायी ठेगाना : हापुर-९, दाङ, ना.प्र.नं. : ५२११५१२/११२२

३२. ऋणीको नाम : सुन्तली नेपाली, पिता/पतिको नाम : भिम वहादुर नेपाली, बाजे/ससुराको नाम : सुकविर दमाई, स्थायी ठेगाना : घोराही-७, दाङ, ना.प्र.नं. : ५२१०२०/३६५२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : भिम वहादुर नेपाली, पिता/पतिको नाम : सुकविर दमाई, स्थायी ठेगाना : त्रि.न.पा.-७, दाङ, ना.प्र.नं. : ५६३५/१२१४

३३. ऋणीको नाम : लक्ष्मी नेपाली, पिता/पतिको नाम : गणेश जित नेपाली, बाजे/ससुराको नाम : हस्त वहादुर दमाई, स्थायी ठेगाना : त्रिभुवननगर-७, दाङ, ना.प्र.नं. : २००, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : गणेश जित नेपाली, पिता/पतिको नाम : हस्त बहादुर दमाई, स्थायी ठेगाना : त्रि.न-७, दाङ, ना.प्र.नं. : १११०२/४३९९
२.धनजमानीको नाम : दिल बहादुर नेपाली, पिता/पतिको नाम : गणेशजित नेपाली, बाजे/ससुराको नाम : हस्त बहादुर दमाई, स्थायी ठेगाना : घोराही-१३, दाङ, ना.प्र.नं. : ५२-०१-७९-०३२३५

३४. ऋणीको नाम : भिम कुमारी कामी, पिता/पतिको नाम : चन्द्रशेखर कामी, बाजे/ससुराको नाम : ग्वामे कामी, स्थायी ठेगाना : त्रि.न-८, दाङ, ना.प्र.नं. : ८६८१/३२५९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : पवित्रा वि.क., पिता/पतिको नाम : प्रेम बहादुर वि.क., स्थायी ठेगाना : हापुर-५, दाङ, ना.प्र.नं. : ५२-०१-७१-०१४७४

३५. ऋणीको नाम : सुमित्रा विश्वकर्मा, पिता/पतिको नाम : धन बहादुर विश्वकर्मा, बाजे/ससुराको नाम : बल बहादुर विश्वकर्मा, स्थायी ठेगाना : घोराही-१८, दाङ, ना.प्र.नं. : ५०२०५५/२६२५, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : धन बहादुर विश्वकर्मा, पिता/पतिको नाम : बल बहादुर विश्वकर्मा, बाजे/ससुराको नाम : राम बहादुर विश्वकर्मा, स्थायी ठेगाना : घोराही-६, दाङ, ना.प्र.नं. : ५२-०१-०६९-००८९८

३६. ऋणीको नाम : उमा कुमारी योगी, पिता/पतिको नाम : अमृत दसौदी, बाजे/ससुराको नाम : नर बहादुर दसौदी, स्थायी ठेगाना : घोराही-१६, दाङ, ना.प्र.नं. : ५२-०१-७५-०४४२९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : अमृत दसौदी, पिता/पतिको नाम : नर बहादुर दसौदी, स्थायी ठेगाना : सौडियार-३, दाङ, ना.प्र.नं. : ५२१०१९/१७१५

३७. ऋणीको नाम : सावित्रा भुसाल, पिता/पतिको नाम : सुमन भुसाल, बाजे/ससुराको नाम : नर बहादुर भुसाल, स्थायी ठेगाना : सौडीयार-४, दाङ, ना.प्र.नं. : ५२-०१-७०-०४०३९, कर्जाको शीर्षक : साधारण

३८. ऋणीको नाम : उषा धामी, पिता/पतिको नाम : जिवन धामी, बाजे/ससुराको नाम : डिल बहादुर दमाई, स्थायी ठेगाना : घोराही-१, दाङ, ना.प्र.नं. : ५२-०१-०६९-१२४०, कर्जाको शीर्षक : साधारण

३९. ऋणीको नाम : करुना परियार, पिता/पतिको नाम : लेखराज दमाई, बाजे/ससुराको नाम : मणिराम दमाई, स्थायी ठेगाना : घोराही-१, दाङ, ना.प्र.नं. : ५२-०१-७०-०५१५३, कर्जाको शीर्षक : साधारण

४०. ऋणीको नाम : रिता घर्ति, पिता/पतिको नाम : विजय घर्ति, बाजे/ससुराको नाम : नैने घर्ति, स्थायी ठेगाना : घोराही-१०, दाङ, ना.प्र.नं. : ५२१०२०/६४०१, कर्जाको शीर्षक : साधारण

४१. ऋणीको नाम : सावित्रा कुवर, पिता/पतिको नाम : वामदेव कुवर, बाजे/ससुराको नाम : खड्का वहादुर कुवर क्षेत्री, स्थायी ठेगाना : घोराही-३, दाङ, ना.प्र.नं. : ५२-०१-७६-०४५४६, कर्जाको शीर्षक : साधारण

४२. ऋणीको नाम : वर्षा पुन, पिता/पतिको नाम : अमृत पुन, बाजे/ससुराको नाम : वल बहादुर पुन, स्थायी ठेगाना : लक्ष्मीपुर-१, दाङ, ना.प्र.नं. : ५२-०१-७२-०४८१७, कर्जाको शीर्षक : लघुउद्यम

४३. ऋणीको नाम : पुष्पा वि.क., पिता/पतिको नाम : शितल बहादुर वि.क., बाजे/ससुराको नाम : लाल बहादुर कामी, स्थायी ठेगाना : त्रिपुर-७, दाङ, ना.प्र.नं. : ५२-०१-७३-०१२८८, कर्जाको शीर्षक : साधारण

४४. ऋणीको नाम : अमृता वि.क., पिता/पतिको नाम : डिल वहादुर वि.क., बाजे/ससुराको नाम : गनवहादुर विश्वकर्मा, स्थायी ठेगाना : हापुर-९, दाङ, ना.प्र.नं. : ५२३०२४/६३७, कर्जाको शीर्षक : साधारण

४५. ऋणीको नाम : जमुना वि.क., पिता/पतिको नाम : गोपि लाल वि.क., बाजे/ससुराको नाम : भिम बहादुर वि.क., स्थायी ठेगाना : हापुर-९, दाङ, ना.प्र.नं. : ५२-०१-६९-०५३०२, कर्जाको शीर्षक : साधारण

४६. ऋणीको नाम : निलम वि.क., पिता/पतिको नाम : संजय वि.क., बाजे/ससुराको नाम : राम लाल विश्वकर्मा, स्थायी ठेगाना : घोराही-१४, दाङ, ना.प्र.नं. : ५२-०१-७५-०२९२४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : संजय वि.क., पिता/पतिको नाम : राम लाल विश्वकर्मा, स्थायी ठेगाना : घोराही-१४, दाङ, ना.प्र.नं. : ५२-०१-७४-००३१७

४७. ऋणीको नाम : सरस्वती के.सी., पिता/पतिको नाम : राम वहादुर के.सी., बाजे/ससुराको नाम : उदय बहादुर के.सी., स्थायी ठेगाना : घोराही-७, दाङ, ना.प्र.नं. : ५२१०२०/३८४३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : आशा के.सी., पिता/पतिको नाम : राम बहादुर के.सी., बाजे/ससुराको नाम : उदय बहादुर के.सी., स्थायी ठेगाना : घोराही -१३, दाङ, ना.प्र.नं. : ५२-०१-७५-०२८९०

४८. ऋणीको नाम : खिमा कुमारी श्रीपाली, पिता/पतिको नाम : गोपाल श्रीपाली, बाजे/ससुराको नाम : हस्त बहादुर श्रीपाली, स्थायी ठेगाना : सैघा-९, दाङ, ना.प्र.नं. : ५२१०१६/५९३, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : कोमल वि.क., पिता/पतिको नाम : अमृत वि.के., स्थायी ठेगाना : घोराही-१६, दाङ, ना.प्र.नं. : ५२-०१-७९-०४८७१
२.धनजमानीको नाम : गोपाल श्रीपाली, पिता/पतिको नाम : हस्त बहादुर श्रीपाली, स्थायी ठेगाना : सैघा-९, दाङ, ना.प्र.नं. : १७९/१५७४

४९. ऋणीको नाम : निमा सुनार, पिता/पतिको नाम : भेष वहादुर सुनार, बाजे/ससुराको नाम : कृति राम सुनार, स्थायी ठेगाना : नारायणपुर-४, दाङ, ना.प्र.नं. : ५२३०२२/४०४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : गंगा कुमारी चुनारा, पिता/पतिको नाम : युद्ध बहादुर चुनारा, स्थायी ठेगाना : विरेन्द्रनगर-१, सुर्खेत, ना.प्र.नं. : ५२३०३७/४४५(दाङ)

**शाखा कार्यालय : विजयनगर, कपिलबस्तु**

५०. ऋणीको नाम : रन्जना थापा, पिता/पतिको नाम : रमेश कुमार थापा, बाजे/ससुराको नाम : गणेश वहादुर थापा, स्थायी ठेगाना : विजयनगर-४, कपिलवस्तु, ना.प्र.नं. : ३८-०२-७५-०२६६५, कर्जाको शीर्षक : लघुउद्यम
१.धनजमानीको नाम : रमेश कुमार थापा, पिता/पतिको नाम : गणेश बहादुर थापा, बाजे/ससुराको नाम : धर्म सिंह थापा, स्थायी ठेगाना : खुरहुरिया-९, क.व., ना.प्र.नं. : १९८६३
२.धनजमानीको नाम : लक्ष्मी थापा, पिता/पतिको नाम : हरिश कुमार थापा, बाजे/ससुराको नाम : गणेश बहादुर थापा, स्थायी ठेगाना : खुरहुरिया-९, क.व., ना.प्र.नं. : ३८२०७६/२२९
३.धनजमानीको नाम : कमल थापा, पिता/पतिको नाम : हरिश कुमार थापा, बाजे/ससुराको नाम : गणेश बहादुर थापा, स्थायी ठेगाना : विजयनगर-५, कपिलवस्तु, ना.प्र.नं. : ३८-०२-७५-००८६३

**शाखा कार्यालय : सिसहनिया, दाङ**

५१. ऋणीको नाम : हरिकला के.सी., पिता/पतिको नाम : बसन्त के.सी., बाजे/ससुराको नाम : गोबिन्द बहादुर के.सी., स्थायी ठेगाना : सिसहनिया-६, दाङ, ना.प्र.नं. : ५२३००८/१८७१, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : हिमा कुमारी के.सी., पिता/पतिको नाम : वसन्त वहादुर के.सी., बाजे/ससुराको नाम : गोबिन्द बहादुर के.सी., स्थायी ठेगाना : सिसहनिया-६, दाङ, ना.प्र.नं. : ५२१०१८/२२
२.धनजमानीको नाम : शान्ती के.सी., पिता/पतिको नाम : शिव वहादुर के.सी., स्थायी ठेगाना : राप्ती-८, दाङ, ना.प्र.नं. : ५२-०६-७८-०४३११

५२. ऋणीको नाम : सुरमा पुन, पिता/पतिको : मतिराम पुन, बाजे/ससुराको नाम : किर सिं पुन, स्थायी ठेगाना : जैमाकसला-२, रोल्पा, ना.प्र.नं. : ५४१०१३/१९१

**शाखा कार्यालय : गढवा, दाङ**

५३. ऋणीको नाम : कल्पना परियार, पिता/पतिको नाम : रविलाल दमाई, बाजे/ससुराको नाम : सन्त वहादुर दमाई, स्थायी ठेगाना : राप्ती-४, दाङ, ना.प्र.नं. : ५२-०६-७४-०१५१९, कर्जाको शीर्षक : लघुउद्यम

५४. ऋणीको नाम : रमा देवि सुवेदी, पिता/पतिको नाम : ईश्वरी लाल सुवेदी, बाजे/ससुराको नाम : पुर्ण प्रसाद सुवेदी, स्थायी ठेगाना : चैलाही-२, दाङ, ना.प्र.नं. : २३४/२८५, कर्जाको शीर्षक : लघुउद्यम
एकलजमानीको नाम : सबिना सुवेदी, पिता/पतिको नाम : ईश्वरी लाल सुवेदी, बाजे/ससुराको नाम : पुर्ण प्रसाद सुवेदी, स्थायी ठेगाना : लमही-५, दाङ, ना.प्र.नं. : ५२-०६-७६-०१५०३

५५. ऋणीको नाम : सुस्मिता पुन, पिता/पतिको नाम : चन्द्र वहादुर पुन, बाजे/ससुराको नाम : छव बहादुर पुन, स्थायी ठेगाना : प्युठान-१, प्युठान, ना.प्र.नं. : ५३-०१-७२-०१२३०, कर्जाको शीर्षक : साधारण

५६. ऋणीको नाम : निशा चौधरी, पिता/पतिको नाम : भुपेन्द्र चौधरी, बाजे/ससुराको नाम : मोती प्रसाद चौधरी, स्थायी ठेगाना : गोवरडिहा-३, दाङ, ना.प्र.नं. : ५२२००१/२४५९, कर्जाको शीर्षक : साधारण

**शाखा कार्यालय : स्वर्गद्धवारी, प्यूठान**

५७. ऋणीको नाम : निर्मला नेपाली, पिता/पतिको नाम : तेज विक्रम सार्की, बाजे/ससुराको नाम : भिम बहादुर सार्की, स्थायी ठेगाना : विजुवार-६, प्युठान, ना.प्र.नं. : ५३-०३-७०-०४७०२, कर्जाको शीर्षक : साधारण
१.एकलजमानीको नाम : धिरज कुमार सार्की, पिता/पतिको नाम : गेहराज सार्की, बाजे/ससुराको नाम : टोप बहादुर सार्की, स्थायी ठेगाना : स्वर्गद्धवारी-४, प्यूठान, ना.प्र.नं. : ५३-०२-७५-००४९९
२.एकलजमानीको नाम : नविन नेपाली, पिता/पतिको नाम : होम बहादुर सार्की, बाजे/ससुराको नाम : टोप बहादुर सार्की, स्थायी ठेगाना : स्वर्गद्धवारी-४, प्यूठान, ना.प्र.नं. : ५३-०२-७५-००८२३

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.

**केन्द्रीय कार्यालय : बनेपा-१३, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३,**
**इमेल ठेगाना : ashamicrofinance@gmail.com/info@ashamicrofinance.com.np**




समाचार र विचारको स्वतन्त्र संवाहक
**kalpristhanews.com**

अन्तर विद्यालय -यु-१८) छात्र-छात्रा फुटबल

# होलिल्याण्ड फाइनल, नेपालगन्ज मोडेल सेमिफाइनलमा प्रवेश



**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, ४ असार*

होलिल्याण्ड स्कुल बाँके जिल्ला स्तरीय मेयर कप अन्तर विद्यालय -यु-१८) छात्र-छात्रा फुटबल प्रतियोगिता अन्तर्गत छात्र तर्फको फाईनलमा प्रवेश गरेको छ। प्रतियोगिताको पहिलो सेमिफाइनल खेलमा होलिल्याण्डले साईनिङ स्टार ईङलिस मिडियम स्कुललाई २-० ले पराजित गरेको हो। होलिल्याण्डको जितमा प्लेयर अफ द म्याच अनमोल विकले २९औं मिनेट र अभिशेष थापाले ५१औं मिनेटमा गोल गर्नु भयो। प्लेयर अफ द म्याच अनमोललाई बाँके जिल्ला खेलकुद विकास समितिका निर्वतमान सदस्य दिपक वलीले पुरस्कृत गर्नु भयो। यसैगरी छात्र तर्फको अर्को खेलमा नेपालगन्ज मोडेल एकेडेमीले नेपालगन्ज सेन्ट जेभियर्स स्कुललाई पेनाल्टी सुटआउटमा ४-१ ले पराजित गर्दै प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। निसयर्धारित समयमा दुबै टोलीले गोल गर्न सकेका थिएनन्। पेनाल्टी सुटआउटमा नेपालगन्ज मोडेल एकेडेमीका महेश शाही, राकेश सिंह ठकुरी, सुनिल थारु र निराजन शाहीले गर्नु भयो। नेपालगन्ज सेन्टजेभियर्सको लागि सोहित पुनले मात्र गोल गर्नु भयो। पेनाल्टीमा बिपक्षीको दुई प्रहारलाई रोक्न सफल नेपालगन्ज मोडेलका गोलकिपर आयुश चन्द प्लेयर अफ द म्याचबाट पुरस्कृत हुनु भयो। उहाँलाई ट्राईथोलनको अन्तराष्ट्रिय अफिसियल चाहना शाहले पुरस्कृत गर्नु भयो।

छात्रा तर्फको खेलमा मनकामना मावि र युनाइटेड एजुकेशनल एकेडेमीले जित हासिल गरेको छ। छात्रको पहिलो खेलमा मनकामना मावि नेपालगन्जले योगिनी मावि खजुरालाई १-० ले पराजित गऱ्यो। मनकामनाको लागि अनुष्का तिमिल्सिनाले सुरुआती १ मिनेटमै गोल गर्नु भयो। खेलमा प्लेयर अफ द म्याच घोषित अनुष्कालाई पुर्व राष्ट्रिय फुटबल खेलाडी भक्त रानाले पुरस्कृत गर्नु भएको थियो। छात्रा तर्फको अर्को खेलमा युनाइटेडले ज्ञानोदय मावि खजुरालाई पेनाल्टी सुटआउटमा ३-२ ले पराजित गरेको छ।

पेनाल्टीमा युनाइटेडको लागि पुष्पा आलेमगर, सोनम भुजेल, एन्जल बुढाथोकी र प्रंशसा विसीले गोल गर्नु भयो भने ज्ञानोदयको तर्फबाट आकृती कंडेल र मिता कामीले मात्र गोल गर्नु भयो। उक्त खेलमा युनाइटेडकी गोलकिपर एरिना खड्का प्लेयर अफ द म्याच घोषित हुनु भयो। एरिनालाई रोयल समृद्धि स्पोर्टस हाउसका प्रोप्राइटर टिकाराम खत्री र महिला फुटबल समिति बाँके अध्यक्ष नितु चन्द शाहले पुरस्कृत गर्नु भयो। बाँके जिल्ला फुटबल संघको आयोजना र नेपालगन्ज उपमहानगरपालिकाको आर्थिक सहयोगमा भैरहेको प्रतियोगिताको फाइनल खेल असार ८ गते हुनेछ।

प्रतियोगिताको विजेता छात्र-छात्रा टिमले नगद ३१ हजार, उपविजेताले १६ हजार, ट्रफी, मेडल, प्रमाणपत्र र सर्वोत्कृष्ट खेलाडीले जनही २ हजार ५ सय रूपैयाँ प्राप्त गर्नेछन्।

**नक्सा पास सम्बन्धी सूचना**

नेपालगन्ज उप-महानगरपालिका वडा नं. ९ बस्ने श्री उषा भण्डारीले मेरो नाममा दर्ता रहेको बाँके ने.गं.उ.म.न.पा. साविक वडा नं. १२ हाल वडा नं. ९ को कि.नं. ४९६ ज.वि १६९.३० व.मी. जगामा घर निर्माण गर्नका लागि नक्सा इजाजत पाउँ भनि मिति २०८३/०२/०४ मा नक्सासहितको निवेदन पेश गर्नु भएकोले नक्सा पास सम्बन्धी आवश्यक प्रक्रिया पूरा गरी स्थलगत सरजमिन बुझ्दा पुर्व- कि.नं. ५०६, पश्चिम-कि.नं.४५९, र दक्षिण-कि.नं.५५९, १२७ को संधियार फिल्डमा उपस्थित नहुनु भएकोले नक्सा पास कार्य रोकिने भएको हुँदा कोही कसैको दावी विरोध भए आफ्नो स-प्रमाणसहितको यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा उपस्थित हुनु होला। अन्यथा कानून बमोजिम निजको नाममा नक्सा पास भैजाने व्यहोराको सूचना प्रकाशित गरिएको छ।

*प्रमुख प्रशासकिय अधिकृत*

जानकी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
मानपुर, बाँके
लुम्विनी प्रदेश, नेपाल

**व्यवसाय खारेजी सम्वन्धमा**

मिति: २०८३/०३/०३

जानकी गाउँपालिका वडा नं.४ मा अर्गानिक औषधि बिक्री वितरण गर्ने उद्धेश्य राखि "जानकी अर्गानिक सेन्टर" (दर्ता नं.१५३/०८१/०८२, मिति २०८१।१२।२२) ले व्यवसाय खारेजी गरिपाउँ भनि यस गाउँपालिकामा निवेदन पेश दिएको हुँदा सो व्यवसाय संग कुनै किसिमको नगद जिन्सी, चल, अचल सम्वन्धित लिनु/दिनु भए वा भुक्तानी गर्नुपर्ने कुनै दायित्व भए यो सूचना प्रकासित भएको मितिले ७(सात) दिन भित्र सवुद प्रमाण सहित यस जानकी गाउँपालिकाको कार्यालय मानपुर बाँकेमा वा गाउँपालिकाको ईमेल ठेगाना ito.janakimun@gmail.com मा लिखित मागदावी सहितको निवेदन दिनहुन सम्वन्धित सम्पूर्ण सरोकारवालहरुलाई यसै सार्वजनिक सूचना द्वारा सूचित गरिन्छ । अन्यथा नियमानुसार उक्त जानकी अर्गानिक सेन्टर खारेजी भैजाने व्यहोरा समेत सूचित गरिन्छ ।

परशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।